यू.एन.ह्याविट्याटको सक्रियतामा एसियाली शहरहरुको लागि पानी कार्यक्रम अन्तर्गत सहस्राब्दी विकास लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउन बिभिन्न कार्यक्रमहरु संचालन गरिँदै आएको छ। यसै सिलसिलामा बिपन्न तथा अति बिपन्न बर्गहरुलाई सेवा पुऱ्याउने दृष्टिकोणले ललितपुर उपमहानगरपालिका स्थानिय जनसमुदायको सहभागितामा परम्परागत श्रोतहरुबाट पानी प्रयोग गरी समुदायमा आधारित स्वच्छ तथा प्रशोधित खानेपानी बोतलमा वितरण गर्ने नमूना आयोजना संचालन गरिएको छ।



ललितपुर उपमहानगरपालिकाका वडा नं ९ र ११ मा खानेपानी संस्थानबाट बितरीत पानी अपर्याप्त भएको हुँदा यी दुई वडाका क्वयलाछि, भिन्यलाछि र च्यासल टोलमा कृषक, मजदुर र सफाइ मजदुर पेशामा संलग्न न्यून आय भएका अधिकांश ब्यक्तिहरु पानीको दैनिक आवश्यकता परिपूर्तिका लागि च्यासल हिटि, नाय हिटि जस्ता परम्परागत ढुङ्गेधारामा आश्रित भएका छन्। सुख्खा याममा यस्ता परम्परागत श्रोतहरु पनि सुक्ने हुनाले स्थानिय बासिन्दाहरुले पानीको आवश्यकता पुरा गर्न बैकल्पिक श्रोतको रुपमा ईनारको पानी प्रयोग गर्ने प्रचलन बढ्दै गई रहेको छ। यस्ता पानीका श्रोतहरुमा रासायनिक तथा अन्य हानिकारक जिवाणुबाट प्रदुषित हुने भएकाले इनारको पानी पिउन योग्य हुदैनन्। यस समुदायमा खानेपानीको समस्या समाधानका लागि यू.एन.ह्याविट्याटको आर्थिक तथा प्राविधिक सहयोगमा शहरी वातावरण ब्यवस्थापन समाज र क्वयलाछि टोल सुधार समितिको संयुक्त प्रयासमा परम्परागत श्रोतका पानी प्रशोधन गरी विश्व स्वास्थ्य संगठन (WHO)को मापदण्ड अनुरुपको शुद्ध खानेपानी बोतलमा भरी न्यूनतम दरमा वितरण गर्न लागिएको छ। सुख्खायाममा ईनारको पानी प्रशोधन गरी वितरण गरिनेछ भने वर्षायाममा ढुङ्गेधाराको पानी समेत संकलन गरी प्रशोधित पानी २० लिटरको जेरीकनमा वितरण गरिनेछ।

## उद्देश्य

यस आयोजनाले निम्नानुसारको उदेश्यहरु लिएका छन्।

- खानेपानी प्रशोधन गरी बोतल वा जेरीकनमा भर्ने प्रणालीका नमूना प्रदर्शन स्थलका रुपमा स्थापना गर्ने
- न्यून आय भएका परिवार र समुदायलाई न्यूनतम दरमा शुद्ध खानेपानी वितरण गर्ने
- खानेपानी प्रशोधन र बोतल वा जेरीकनमा वितरण गर्ने प्रणाली ब्यवस्थापन र स्वामित्व बहनका लागि समुदायलाई सशक्तिकरण गर्ने
- यस किसिमको परियोजना काठमाडौं भित्र र बाहिरका अन्य समुदायमा पनि संचालनका लागि अनुभव आदानप्रदान गर्ने

## संचालन प्रक्रिया



यस आयोजना संचालन गर्न बिभिन्न चरणमा अन्तर्क्रिया मार्फत आयोजनाका बिविध पक्षमा जानकारी प्रदान गरी स्थानिय जनसहभागितामा उपभोक्ता समिति गठन गरिएको छ। उपभोक्ता समितिको सक्रियतामा प्रशोधन केन्द्रको निर्माण भएको छ। प्रशोधन केन्द्रको संचालन र मर्मतसंभार कार्यको जिम्मेवारी पनि यसै समितिबाट निर्वाह गरीनेछ। यस आयोजना सफलतापूर्वक संचालनको लागि आवश्यक परामर्श प्रदान गर्न स्थानिय क्वयलाछि टोल सुधार समितिका अध्यक्ष श्री बाबु रत्न अवालेको संयोजकत्वमा शहरी वातावरण ब्यवस्थापन समाज, यू. एन. ह्याविटाट, शहरी खानेपानी र सरसफाइका लागि गैसस मञ्च, बातावरण र जनस्वास्थ्य संस्था, ललितपुर उपमहानगरपालिकाका प्रतिनिधिहरु समेतको एक निर्देशन समिति गठन गरिएको छ।

## प्रशोधन प्रक्रिया




इनार र ढुङ्गेधाराको पानी ५,००० लिटरको ट्याङ्कीमा संकलन गरी पानी एक रात थिग्राइन्छ। यसरी थिग्रिएको पानी दुई वटा बायोस्याण्ड फिल्टरबाट प्रतिघण्टा ६०० लिटर पानी प्रशोधन गरी ३,००० लिटरको ट्याङ्कीमा जम्मा गरिनेछ। यस प्रशोधित पानीमा क्लोरिन मिसाइ २० लिटरको बोतल वा जेरीकनमा भरी ३०० घरधुरीका २,००० सदस्यहरुलाई प्रति बोतल न्यूनतम दरमा विक्रि वितरण गरिनेछ।

## गुणस्तर नियन्त्रण

प्रशोधित पानी उच्च गुणस्तर र पिउनका लागि सुरक्षित हुनु जरुरी भएको हुँदा उक्त प्रशोधित पानीको फ्रि रेसिड्यूल क्लोरिन (FRC) को दैनिक रुपमा र कोलिफमको साप्ताहिक रुपमा परिक्षण गरिनेछ। साथै मासिक रुपमा उक्त प्रशोधित पानीको सम्पूर्ण भौतिक तथा रासायनिक गुणस्तर विश्व स्वास्थ्य संगठन (WHO)को मापदण्ड अनुरुप भए नभएको परिक्षण गरिनेछ।



प्रशोधित पानी संकलन



प्रशोधित पानी


सम्पर्क :

**गजलक्ष्मी खानेपानी व्यवस्थापन समिति**
क्वय्लाछी, च्यासल
ललितपुर उपमहानगरपालिका वडा नं. ९
ललितपुर

**शहरी वातावरण व्यवस्थापन समाज (युम्स्)**
**Urban Environment Management Society (UEMS)**
सौगल ११, ललितपुर, फोन नं. ५५५१७३०
ईमेल : uems@wlink.com.np

**UN HABITAT**
एशियाली शहरहरूका लागि पानी कार्यक्रम, नेपाल
यु. एन. विल्डिङ्, पुल्चोक ललितपुर, पो.ब.नं. १०७, काठमाडौं, नेपाल
फोन : ५५३६६९९, ५५४२८१६, फ्याक्स् : ५५३९८७७
इमेल : roshan.shrestha@undp.org, वेव : www.unhabitat.org


एसियाली शहरहरूको लागि पानी कार्यक्रम

# समुदायमा आधारित स्वच्छ तथा प्रशोधित खानेपानी बोतलमा वितरण आयोजना



शहरी वातावरण व्यवस्थापन समाज
Urban Environment Management Society

UN-HABITAT

गजलक्ष्मी खानेपानी व्यवस्थापन समिति